सूचनाको हक सम्वन्धि एन,२०६४ को दफा ५(३) बमोजिम प्रकाशन गरिएको जिल्ला समन्वय समितिको कार्यालय, अर्घाखाँचीसगँ सम्वन्धित

# स्वत: प्रकाशन

# (Pro-Active Disclosure)



**२०८२ माघ १ गते देखि २०८२ चैत्र मसान्तसम्म**

## प्रकाशक

जिल्ला समन्वय समितिको कार्यालय, सन्धिखर्क, अर्घाखाँची ।

## १. जिल्ला समन्वय समितिको कार्यालयको परिचय, स्वरुप र प्रकृतिः

नेपालको संविधान, २०७२ को भाग ५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड सम्बन्धमा व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा ५६ मा राज्यको संरचना उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनिएको छ । उपधारा (२) अनुसार नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून बमोजिम गर्ने प्रावधान छ । धारा ५६ को उपधारा (४) मा गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई स्थानीय तहको रुपमा परिभाषित गरेको छ ।

सविधानको धारा ५७ को उपधारा (४) ले संविधानको अनुसूची-८ अनुसारको एकल अधिकारका विषयमा स्थानीय तहको अधिकार निहित गर्दै सो अधिकारको प्रयोग गाउँसभा, नगरसभा र जिल्ला सभाले बनाएको कानून बमोजिम हुने र संविधानको धारा २२० अनुसार जिल्ला सभा र जिल्ला सभाको कार्य जिल्ला समन्वय समितिको नामबाट हुने गरी गठन भएको जिल्ला समन्वय समिति स्थानीय तह होईन कि भन्ने भ्रम यदाकदा देखिन्छ ।

जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारीको दरबन्दीमा संघमा समायोजन भएका कर्मचारीमात्र खटिने र संविधानको अनुसूचीको एकल वा साझा अधिकारका सूची भित्रका विषय जि.स.स. को कार्यक्षेत्र भित्र नहुँदा बुझाईमा कसैलाई दुविधा रहन सक्छ । तर नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष निर्वाचक भएको प्रतिनिधिले गाउँसभा, नगरसभाका सदस्यहरु मध्येबाट जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यहरुलाइ निर्वाचित गरी गठन भएको जिल्ला समन्वय समिति संविधानतः स्थानीय तह नै हो ।

नेपालको संविधान, २०७२ को धारा २२० ले जिल्ला समन्वय समितिलाई प्रदत्त गरेको काम कर्तब्य र अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-१२ मा जिल्ला सभा सम्बन्धि व्यवस्थाको दफा ९२ देखि ९६ सम्म तोकिएको कार्य जिल्ला समन्वय समितिको कार्यमा पर्दछ ।अझ सरल भाषामा भन्ने हो भने जिल्ला सभा गर्ने तथा जिल्ला सभाले तोकेको कार्य सम्पन्न गर्ने, अनुगमन गर्ने तथा समन्वय गर्ने नै प्रमुख कार्य हो । जिल्ला भित्र रहेका संघ, प्रदेशका कार्यालय लगायत स्थानीय तहहरुले जिल्ला समन्वय समितिको समन्वयमा रही कार्य गर्नुपर्ने छ । त्यसैले जिल्लास्थित संघीय कार्यालयहरु, प्रदेश कार्यालयहरु लगाएत स्थानीय तहको समन्वय तथा अनुगमन गर्ने निकाय वा कार्यालयको रुपमा जिल्ला समन्वय समितिको कार्यालय रहेको छ ।

सूचना अधिकारी

## २. जिल्ला समन्वय समितिको काम कर्तब्य र अधिकारः

नेपालको संविधानको धारा २२० को उपधारा (७) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

- जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,
- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,
- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

सूचना अधिकारी


## ३. जिल्ला समन्वय समितिका पदाधिकारीहरुको विवरणः

स्थानीय तहको निर्वाचन २०७९ बाट निर्वाचित जिल्ला समन्वय समितिका पदाधिकारीको नामावली यस प्रकार रहेको छः-

| क्र.स. | पद | नाम र थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री जीवनारायण कोईराला | पाणिनी-५ | ९८५७०६१३६३ |
| २ | उप-प्रमुख | श्री लक्ष्मी शर्मा ज्ञवाली | छत्रदेव-१ | ९८४७१४८१९६ |
| ३ | सदस्य | श्री कमल घिमिरे | पाणिनी-७ | ९८५७०६१२०१ |
| ४ | सदस्य | श्री झुपलाल खनाल | भुमिकास्थान-८ | ९८५७०६१०६० |
| ५ | सदस्य | श्री लक्ष्मण कँडेल | सन्धिखर्क-७ | ९८५७०६६५७० |
| ६ | सदस्य | श्री टुल्का देवी आचार्य | मालारानी-४ | ९८४७३४४४४० |
| ७ | सदस्य | श्री डाल कुमारी भण्डारी | शितगंगा-१० | ९८४७३५३१४४ |
| ८ | सदस्य | श्री सीता आचार्य | मालारानी-१ | ९८६७२१५९११ |
| ९ | सदस्य | श्री मिना विसी परियार | शितगंगा-१३ | ९८६००५२८४६ |

## ४. जिल्ला समन्वय समिति, अर्घाखाँचीको संगठन संरचना तथा कर्मचारी दरबन्दीः-

**जिल्ला समन्वय समिति, अर्घाखाँचीको संगठन संरचना:**



जिल्ला समन्वय समिति कार्यालय अर्घाखाँची सन्धिखर्क, नेपाल

## जिल्ला समन्वय समितिको कार्यालय,अर्घाखाँचीमा कार्यरत कर्मचारीहरुको दरवन्दी तालिका:-

| क्र.स. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी संख्या | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्धितिय | प्रशासन | सामान्य प्रशासन | १ | १ | -- | |
| २ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | १ | १ | -- | |
| ३ | इन्जिनियर | रा.प. तृतीय | इन्जि. | सिभिल | १ | १ | -- | |
| ४ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | -- | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | -- | |
| ६ | सब-इन्जिनियर | रा.प.अनं. प्रथम | इन्जि | सिभिल | १ | ... | १ | |
| ७ | खरिदार | रा.प.अनं. द्धितिय | प्रशासन | सामान्य प्रशासन | १ | १ | -- | |
| ८ | हलुका सवारी चालक | श्रेणीविहिन | -- | -- | २ | २ | -- | करार |
| ९ | कार्यालय सहयोगी | श्रेणीविहिन | -- | -- | ३ | ३ | -- | करार |
| जम्मा | | | | | १२ | ११ | १ | |
| करार सेवा प्रयोजन | | | | | | | | |
| १० | ना.सु | रा.प.अनं. प्रथम | -- | -- | १ | १ | -- | करार |

## ५. कार्यरत कर्मचारीहरुको नामावली तथा सम्पर्क नम्बरः

| क्र.स. | कर्मचारीको नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | केशव ज्ञवाली | जिल्ला समन्वय अधिकारी | ९८५७०४४२२२ |
| २. | वावुराम थापा | शाखा अधिकृत | ९८६४४६७६२८ |
| ३. | कुशल भण्डारी | इन्जिनियर | ९८४६७७७५७० |
| ४. | विनोद प्रसाद कुँवर | ना.सु. | ९८५७०६३०४७ |
| ५. | योगेस पन्थी | ले.पा. | ९८५१०४९५८० |
| ६. | जीवलाल घिमिरे | निजी सहायक, ना.सु. | ९८५७०८६५०५ |
| ७. | नारायण प्रसाद दमासे | खरिदार | ९८५७०५१९६१ |
| ८. | गोविन्द प्रसाद शर्मा | ह.स.चा. | ९८६७२१२४५१ |
| ९. | पारस भट्टराइ | ह.स.चा. | ९८५७०६१४४७ |
| १०. | मुकुन्दहरी घिमिरे | का.स. | ९८४७१०७१५१ |
| ११. | रिता अधिकारी | का.स. | ९८६७५४३९९५ |
| १२. | गोविन्द श्रेष्ठ | का.स. | ९८४७१०७४५३ |

## ६. जिल्ला समन्वय समितिको शाखा र जिम्मेवारी अधिकारीः-

| सि.न. | शाखा | शाखा प्रमुखको पद नाम थर | कैफियत |
|---|---|---|---|
| १. | ब्यवस्थापन शाखा | शा.अ. श्री बाबुराम थापा | |
| २. | अनुगमन तथा मूल्याङ्कन शाखा | इन्जिनियर श्री कुशन भण्डारी | |
| ३. | जिन्सी फाँट | ना.सु. श्री विनोद प्रसाद कुँवर | |
| ४. | लेखा फाँट | ले.पा. श्री योगेस पन्थी | |
| ५. | प्रशासन फाँट | खरिदार श्री नारायण प्रसाद दमासे | |

सूचना अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
अर्घाखाँची
सन्धिखर्क नेपाल

## ७. जिल्ला समन्वय समिति, अर्घाखाँचीबाट प्रदान गरिने सेवाहरुः-

- बुदा नं. २ मा उल्लेख भएको काम कर्तब्य र अधिकार मा उल्लेख भए बमोजिमको सबै प्रकारको सेवा प्रदान गर्ने ।
- विभिन्न निकायहरु विच समन्वय र अनुगमन सम्बन्धि कार्य गर्ने ।

## ८. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः-

यस कार्यालयवाट प्रदान गर्ने सवै सेवाहरु नि:सुल्क हुने र सेवा प्रदान तुरुन्त हुने ।

## ९. सम्पादित कामहरु:-

**क)** मितिः २०८२/१०/१५ गते दिनको १ वजे जिल्ला समन्वय समितिका प्रमुख श्री जीवनारायण कोइराला ज्यू को अध्यक्षतामा जिल्ला स्तरमा स्थानीय तहहरुको असल अभ्यास सम्वन्धी अनुभव आदान प्रदान कार्यक्रम पैतिस जना महानुभावको उपस्थितिमा सम्पन्न गरिएको थियो ।

**ख)** जिल्ला समन्वय समितिको मिति:२०८२/१०/१५ गते साझ ४:४५ वजे जिल्ला समन्वय समितिका प्रमुख श्री जीवनारायण कोइराला ज्यू को अध्यक्षतामा वसेको वैठकवाट मितिः२०८२/१०/१५ गते सम्पन्न जिल्ला स्तरमा स्थानीय तहको असल अभ्यास सम्वन्धी अनुभव आदान प्रदान कार्यक्रमवाट मितिः२०८२/१०/१८ र १९ गते हुने प्रदेश स्तरिय असल अभ्यास सम्वन्धी अनुभव आदान प्रदान कार्यक्रमका लागि नगरपालिकाहरु वाट भुमिकास्थान नगरपालिका र गाउपालिकाहरुवाट मालारानी गाउपालिकालाइ छनौट गर्ने निर्णय गरियो ।

**ग)** जिल्ला समन्वय समितिका प्रमुख तथा राष्ट्रिय प्रजातन्त्र दिवश समारोह समितिका संयोजक श्री जीवनारायण कोइरालाको अध्यक्षतामा मिति:२०८२/११/०५ गते वसेको सरोकारवालाहरुको सर्व पक्षिय वैठकवाट,

१. राष्ट्रिय प्रजातन्त्र दिवश-२०८२ मनाउनका लागि तपसिल बमोजिम जिल्ला स्तरिय मुल समारोह समिति गठन गर्ने निर्णय भएको थियो ।

१. सम्योजक - जिल्ला समन्वय समिति, अर्घाखाँचीका प्रमुख
२. सह संयोजक - सन्धिखर्क नगरपालिका, नगर प्रमुख
३. सदस्य - जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीका प्रमुख
४. सदस्य - जिल्ला स्थित सुरक्षा निकायका प्रमुख
५. सदस्य - जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख
६. सदस्य - जिल्ला स्थित कृयासिल राजनैतिक दलका प्रतिनिधिहरु
७. सदस्य - पत्रकार महासंघ,उद्योग वाणिज्य संघ,चेम्वर अफ कमर्स,गै.स.स. महासंघ,लोकतान्त्रिक गै.स.स.महासंघ,रेडक्रस सोसाइटि समेतका संघ संथाहरुका प्रतिनिधिहरु
८. सदस्य सचिव - जिल्ला समन्वय अधिकारी

सूचना अधिकारी

२. यस जिल्लामा राष्ट्रिय प्रजातन्त्र दिवश,२०८२ (मिति:२०८२ फाल्गुण ६,७ र ८ गते ३ दिनसम्म) भब्यताका साथ मनाउनका लागि तपसिल वमोजिमको कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

| मिति र समय | कार्यक्रम | ब्यवस्थापन तथा जिम्मेवारी |
|---|---|---|
| २०८२/११/०६,०७ र ०८ गते | यस अर्घाखाँची स्थित सम्पूर्ण सरकारी निकाय,संघ,संस्था तथा विद्यालयहरुको छत, वरन्डा एवं परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादा पूर्वक राखि सजाउने र साझ दिप प्रज्वलन गर्ने | जिल्ला स्थित सम्पूर्ण सरकारी निकाय संघ र संथा |
| २०८२/११/०७ गते विहान ७:३० वजे | सम्पूर्ण राष्ट्रसेवक कर्मचारी,जन प्रतिनिधि,राजनैतिक ब्याक्ति,संघ संस्थाका प्रतिनिधिहरु जिल्ला प्रशासन कार्यालय,अर्घाखाँचीमा भेला भइ सो स्थान देखि शान्ति वगैचा सम्म सरसफाइ कार्यक्रम गर्ने । कोण सभामा परिणत भइ सहिदहरुको सम्झनामा मौन धारणा गर्ने र धन्यवाद ज्ञापन गर्ने । | ब्यानर तथा सरसफाइ समेतको आवश्यक सामाग्री ब्यवस्थापन सन्धिखर्क नगरपालिकाले गर्ने । |
| २०८२/११/०७ गते विहान ९:०० वजे | श्री निर्मल नवज्योती सुस्त मनस्थिति विद्यालय र श्री युवावर्ष रविचित्र माध्यमिक विद्यालयमा रहेका फरक क्षमता भएका विद्यार्थीहरुलाइ खाद्यान्न सामाग्री वितरण गर्ने । | श्री निर्मल नवज्योती सुस्त मनस्थिति विद्यालयमा चेम्वर अफ कमर्स,अर्घाखाँची र युवा वर्ष जनता रविचित्र मा.वि.मा उद्योग वाणिज्य संघ,अर्घाखाँचीले खाद्यन्न वितरणको ब्यवस्था गर्ने । |
| २०८२/११/०७ गते विहान ९:३० वजे | अर्घाखाँची अस्पतालमा विरामीहरुलाइ फलफुल वितरण गर्ने । | सन्धिखर्क नगरपालिका, अर्घाखाँची |

घ) मिति:२०८२/११/१० गते जिल्ला समन्वय समितिका प्रमुख श्री जिवनारायण कोइरालाको अध्यक्षतामा वसेको जिल्ला समन्वय समितिको वैठकवाट चालु आर्थिक वर्षमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहवाट संचालित विकास आयोजनाहरु कति सम्पन्न भए, कति सन्चालनको क्रममा छन् र कति आयोजना तथा कार्यक्रमहरु सुरु नै हुन सकिरहेका छैनन सो को जानाकारी लिन सम्वन्धित कार्यालयहरु सगँ समन्वय गरी

सूचना अधिकारी

आवश्यकता अनुसार अनुगमन र समन्वय गर्ने । सो अनुगमन र समन्वयमा जिल्ला समन्वय समितिका उप प्रमुख र सदस्यहरु पनि सम्वन्धित पालिकाहरुमा सक्रिय रुपमा सहभागी हुने निर्णय गरियो ।

**ङ)** जिल्ला समन्वय समितिका प्रमुख श्री जीवनारायण कोइरालाको अध्यक्षतामा मिति:२०८२/११/२६ गते वसेको वैठकवाट देहायका निर्णय भएका थिए ।

१ - यस अर्घाखाँची जिल्लाका सवै स्थानीय तहहरुमा सन्चालित सडक (कच्ची,ग्रावेल,पक्की) को अवस्था एवं सडकको नामाकरण र तत तत सडकमा चल्ने भाडाका सवारी (वस,मिनीवस,जिप वा कार) कहा कुन सडकमा के कुन सवारी साधनहरु सन्चालनमा रहेका छन ? खुलाइ पठाउन अनुरोध गरिएकोमा हालसम्म सो विवरण प्राप्त भएको नदेखिएकाले ५ दिन भित्र पालिका अन्तरगत रहेका सडकको नामाकरण,दुरी र चल्ने सवारी साधनको किसिम सहितको प्रचलित भाडा दर समेत खुलाइ पठाउन स्थानीय तहहरु सवैलाइ अनुरोध गर्ने निर्णय भएको थियो ।

२. छिमेकी जिल्ला गुल्मी,पाल्पा,प्यूठान जिल्लाहरुको भाडादर समेतलाइ आधार मानी अर्घाखाँची जिल्लाका सवै पालिकाहरुबाट प्रचलित भाडादर समेतको विवरण ५ दिन भित्र प्राप्त गरी अर्को वैठकमा अर्घाखाँची जिल्लाका सडकहरुमा सन्चालन हुने सार्वजनिक सवारीहरुको भाडादर निर्धारण गर्ने निर्णय गरियो ।

३. यातयात ब्यवस्था कार्यालय मार्फत मातहत रहने गरी यस अर्घाखाँची जिल्लामा यातयात ब्यवस्था सेवा केन्द्र सन्चालनको लागि लुम्विनी प्रदेश सरकारलाइ अनुरोध गर्न निर्णय गरिएको थियो ।

च) मितिः२०८२/१२/२० गते जिल्ला समन्वय समितिका प्रमुख श्री जिवनारायण कोइराला ज्यू को अध्यक्षतामा वसेको जिल्ला समन्वय समितिको वैठकवाट यस जिल्लामा रहेका नगरपालिकाहरु र गाउपालिकाहरुवाट संचालित आयोजना तथा कार्यक्रमहरुवाट जिल्लाको समग्र विकासमा के कसरी सहयोग भइरहेको छ ? पालिकाहरु विच तथा पालिकाभित्र शिक्षा, स्वास्थ्य, वातावरण लगाएतको क्षेत्रमा कसरी कार्य सन्चालन भइरहेको छ ? विकासको अवस्था कत्तिको सन्तुलित र प्रभावकारी छ ? सो सम्वन्धमा विश्लेषण गर्न आवश्यक सूचकहरु सहित चेक लिष्ट तयार गर्ने र सोही चेक लिष्टको आधारमा स्थानीय तहहरुमा आवश्यक अनुगमन, समन्वय र तत सम्वन्धमा पालिकाहरुसगँ छलफल गर्ने निर्णय भएको थियो ।

छ) मितिः२०८२/१२/३० गते सोमवारका दिन सडक सवारी यातयात तथा परिवहन एन,२०७६ को दफा ९० वमोजिम मार्ग तथा भाडा निर्धारण सिफारिस समितिको वैठक यस जिल्ला समन्वय समिति,अर्घाखाँचीका प्रमुख श्री जिवनारायण कोइराला ज्यूको संयोजकत्वमा वसी निम्नानुसारका निर्णयहरु भएका थिए ।

१. मार्ग तथा भाडा निर्धारण सम्वन्धमा सडक सवारी यातयात तथा परिवहन एन,२०७६ को प्रावधान,विगतमा भएको निर्णयहरु तथा सरोकारवाला निकायवाट प्राप्त विवरण वैठकमा जानाकारी गरियो ।

२. यस जिल्लामा यातयात ब्यवस्था कार्यालयको सेवा केन्द्र नभएका कारणले लाइसेन्स,रुट पर्मिट लगाएतका यातयात सम्वन्धित कार्यका लागि वुटवल जानु पर्ने वाध्यता रहेकोले यस अर्घाखाँची जिल्लामा यातयात ब्यवस्था सेवा केन्द्र सन्चालनका लागि लुम्विनी प्रदेश सरकारलाइ अनुरोध गर्न निर्णय गरिएको थियो ।

जिल्ला समन्वय समितिको कार्यालय
अर्घाखाँची
सन्धिखर्क
लुम्बिनी प्रदेश, नेपाल

३. सडकको अवस्था, सवारी साधनको भाडा निर्धारण तथा परिमार्जन सम्वन्धमा सिफारिस सहितको प्रतिवेदन पेश गर्न देहाय वमोजिमको कार्यक्षत्रगत विवरण सहितको प्राविधिक उप समिति गठन गर्ने निर्णय गरिएको थियो

क- प्राविधिक उप समिति

अ. सि.डि.इ. - गोपिराज पुन, सडक पुर्वाधार विकास कार्यालय, अर्घाखाँची - संयोजक

आ. इन्जिनियर - कुशल भण्डारी, जि.स.स.को कार्यालय,अर्घाखाँची - सदस्य

इ. प्र.ना.नि. श्री सरोज के.सी., जिल्ला ट्राफिक प्रहरी कार्यालय, अर्घाखाँची - सदस्य

इ. श्री कमल भट्टराइ, पश्चिम नेपाल वस ब्यवसायी प्रा.लि. - सदस्य

उ. श्री प्रेम प्रकाश पाण्डे, देउराली यातयात अर्घाखाँची प्रा.लि. - सदस्य

ख. कार्यक्षेत्रगत विवरणः

अ. स्थानीय सडकको अवस्था (कालोपत्रे,ग्रावेल,कच्ची,घुम्ती,सडकको चौडाइ आदि) पूर्व निर्णय अनुसार हाल कायम रहेको भाडादर समेतका आधारमा कुन कुन सडकमा के कति भाडादर तोक्न उपयुक्त हुन्छ भन्ने सम्वन्धमा सर्वसाधारण उपभोक्ता/यात्रुहरुको समस्या समेतलाइ मध्यनजर गरी एकमुष्ट भाडादर वा प्रति किलो मिटर भाडादर के कति कायम गर्न उपयुक्त हुन्छ भन्ने सम्वन्धमा सिफारिस गर्ने ।

आ. यात्रुहरुको आगमन सहज हुनेगरी सवारी साधनको संख्या थप गर्नुपर्ने भए कुन कुन ठाउमा के कति संख्यामा थप गर्नुपर्ने सो को विवरण तयार गर्ने ।

इ. यस जिल्ला भित्र चल्ने सवारी साधनहरुमा कुन कुन ठाउवाट कुन कुन ठाउसम्म सार्वजनिक सवारी साधन सन्चालनमा छन, के कति समयको अन्तरालमा सवारी साधन छुट्छन् र यात्रुको चाप कस्तो छ ? सो को विवरण तयार गर्ने ।

इ. सडक पूर्वाधार विकास कार्यालय र स्थानीय तहसगँ समन्वय गरी जिल्ला भित्रको सडकको लम्वाइ सडकको अवस्था (पक्की/ग्रावेल/कच्ची) विवरण तयार गर्ने ।

उ. यस उप समितिले तोकिएको कार्य १५ दिन भित्र सम्पन्न गरी जिल्ला समन्वय समितिका प्रमुख ज्यू समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्ने ।

**ज)** जिल्ला समन्वय समितिका प्रमुख ज्यू अध्यक्ष हुने दर्जनौ समितिमा प्रमुख ज्यूको प्रतक्ष उपस्थितिमा वैठक वसी निर्णय तथा निर्देशन दिने कार्य निरन्तर रुपमा आवश्यक्ता अनुसार भएको थियो ।

**झ)** जिल्ला समन्वय समितिको कार्यालयका प्रतिनिधि रहने गरि भएका ब्यवस्था अनुकुन जिल्ला स्थित विभिन्न कार्यालयहरुको समितिमा उपस्थित भइ निर्णयमा सहभागि हुने गरिएको थियो ।

**ञ)** विभिन्न कार्यालयवाट प्राप्त भएका सूचनाहरूलाइ सूचना पाटीमा टास गरी माग अनुसार जानाकारी दिने कार्य निरन्तर भएको ।

**ट)** शितगंगा र सन्धिखर्क नगरपालिकाको अनुरोधमा पालिका भित्रका नदिहरुको नदिजन्य पदार्थको मापन, उत्खनन,घाटगद्दि तथा क्रेसर उद्योग लगाएत निर्माण सामाग्रीको अनुगमन गर्ने गरिएको थियो ।

ठ) जिल्ला भित्रमा पालिका, प्रदेश तथा संघीय सरकारवाट सन्चालनमा रहेका योजना तथा कार्यक्रमहरुलाइ आवश्यकता अनुसार अनुगमन गरी सूझाव र सचेत गराउने काम गरीएको ।

**१०. निर्णय गर्ने प्रकृया र अधिकारी:-**

- शाखासँग सम्वन्धित नियमित कार्यहरु शाखा प्रमुख मार्फत कार्यालय प्रमुखको निर्णयवाट हुने ।
- विशेष तथा कार्यालय प्रमुखवाट हुनुपर्ने भनि तोकिएको कामहरु कार्यालय प्रमुखको निर्णयवाट हुने ।
- नितिगत विषयका निर्णयहरु जिल्ला समन्वय समिति र जिल्ला सभावाट हुने ।

**११. निर्णय उपर उजरी सुन्ने अधिकारी:-**

- जिल्ला समन्वय अधिकारी मातहतवाट भएका निर्णयमा जिल्ला समन्वय अधिकारी ।
- जिल्ला समन्वय अधिकारीवाट भएको निर्णयको जिल्ला समन्वय समितिको प्रमुख ।
- दैनिक सेवा प्रवाह तथा कर्मचारीको कार्य ब्यवहार वारे गुनासो सुन्ने अधिकारी:- शाखा अधिकृत/सूचना अधिकारी ।

**१२. वित्तिय प्रगति विवरण :-**

| क्र.स. | वजेट शिर्षक | वजेट रकम | खर्च रकम | वाकि वजेट |
|---|---|---|---|---|
| १. | कर्मचारी र पदाधिकारीको तलव/पारिश्रमिक/विविध भत्ता | १,०५,००,०००/- | ७०,३४,४८४/- | ३४,६५,५१६/- |
| २. | निजि सचिवालय करार कर्मचारी | ४,६२,०००/- | -५०,४२८/- | ५,१२,४२८/- |
| ३. | अनिवार्य दायित्व सहितका कार्यालय सन्चालन खर्च | ३६,००,०००/- | २०,८८,७०१/- | १५,११,२२९/- |
| ४. | कार्यक्रम खर्च (वैठक र वार्षिक समिक्षा र स्थानीय तहसगँ अनुभव आदान प्रदान समेत) | ६,००,०००/- | २२,७२०/- | ५,७७,२८०/- |
| ५. | अनुगमन मूल्याङ्कन र भर्मण खर्च | १२,००,०००/- | ६,६४,६४१/- | ५,३५,३५९/- |
| | जम्मा | १,६३,६२,०००/- | ९७,६०,११८/- | ६६,०१,८१२/- |
| ६. | अनुगमन मूल्याङ्कन खर्च (प्रदेश) | २,००,०००/- | १,२५,८०५/- | ७४,११५/- |
| ७. | स्थानीय तहको विकास ब्यवस्थापन समिक्षा(प्रदेश) | १,००,०००/- | | १,००,०००/- |
| ८. | मसलन्द तथा कार्यालय सामाग्री(प्रदेश) | २,००,०००/- | | २,००,०००/- |
| ९. | कोष तर्फको विवरण | ८,९९,५५७/८५ | | ८,९९,५५७/८५ |
| १०. | धरौटी विवरण | ४६,२५,५३९/८८ | --------- | ४६,२५,५३९/८८ |

**१२. एन, नियम, विनियम, कार्यविधिको विवरण:-**

- जिल्ला सभा,जिल्ला समन्वय समिति र वार्षिक समिक्षा वैठक संचालन कार्यविधि,२०७६
- जिल्ला समन्वय समिति, अर्घाखाँचीवाट गरिने समन्वय तथा अनुगमन सम्वन्धि कार्यविधि, २०७६

**सूचना अधिकारी**

जिल्ला समन्वय समितिको कार्यालय
अर्घाखाँची
सन्धिखर्क
लुम्बिनी प्रदेश, नेपाल

**१३. कार्यालयको वेभसाइट तथा इमेल:-**

- कार्यालयको वेभसाइट:- **www.dccarghakhanchi.gov.np**
- कार्यालयको इमेल:- **ddcarg@gmail.com**

**१४. सूचना अधिकारी र प्रमुखको नाम पद र सम्पर्क नं.**

| विवरण | कार्यालय प्रमुख | सूचना अधिकारी |
|---|---|---|
| नाम: | श्री केशब ज्ञवाली | श्री विनोद प्रसाद कुँवर |
| पद: | जिल्ला समन्वय अधिकारी | नायब सुब्बा |
| सम्पर्क: | ९८५७०४४२२२ | ९८५७०६३०४७ |
| इमेल: | ddcarg@gmail.com | ddcarg@gmail.com |

सूचना अधिकारी